# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०६।०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, जगरनाथपुर शिक्षा शाखामा कार्यरत विद्यालय निरीक्षक शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले राहत करार शिक्षक र बाल विकास सहयोगी नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा जगरनथापुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले विभिन्न व्यक्तिहरूवाट गैर कानूनी आर्थिक लाभ लिएर निजरूलाई नक्कली तथा गलत नियुक्तिपत्र दिई त्यस्ता नक्कली कागजातहरूका आधारमा गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा कामकाजमा लगाई गाउँकार्यपालिकाबाट निजहरूले समेत तलव भत्ता प्राप्त गर्ने गरी निकासा गरी गराई भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने काम गरेको पाइएकोले श्री राम प्राथमिक विद्यालय पिपरडाढी -३ पर्साका बालविकास सहयोगी रुवी कुमारीले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नि.) राजेश्वर प्रसाद चौरसियासँग मिलेमतो गरी दस्तुरको बहानामा रु.५०,०००।- घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजात प्राप्त गरी सोही गलत तथा नक्कली सरुवापत्रले श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्सामा राहत कोटाको बालविकास सहयोगी (शिक्षिका) पदमा कार्यरत रही रु.५४,०००।- तलवभत्ता भुक्तानी लिइखाई नेपाल सरकारलाई नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज रुवी कुमारीउपर घुस रिसवतवापत दिएको रकम रु.५०,०००।- र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रु.५४,०००।- समेत गरी विगो रु.१,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी भएको विगो ऐ. को दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसियाउपर रुवी कुमारीबाट गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु.५०,०००।- र नक्कलि तथा गलत कागजातहरूका आधारमा विद्यालयमा कामकाजमा लगाई तलव भत्ता निकासा गरी गराई भुक्तानी दिलाई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रु.५४,०००।- समेत गरी विगो रु.१,०४,०००।- (एक लाख चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम ऐ.को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजायँ गरी घुस रिसवतबापत लिएको रकम रु.५०,०००।-(पचास हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी

जफत हुन र नेपाल सरकारलाई नोक्सानी भएको विगो रु. ५४,०००।-(चौवन्न हजार) ऐ. को दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिइएको।

श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्साका प्रधानाध्यापक रामवेलास प्रसाद पटेलले जगरनाथगपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयका विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियासँग मिलोमतो गरी रुवी कुमारीको समेत गलत कागजात तयार गर्न लगाई विद्यालयमा कामकाजमा लगाई तलवभत्ता रु. ५४,०००।- निकासा गरी गराई भुक्तानी भई नेपाल सरकारलाई नोक्सानी पुऱ्याई सहयोगी मतियारको भूमिका निर्वाह गरेको देखिन आई निज प्रतिवादी रामवेलास प्रसाद पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी रामवेलास प्रसाद पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ५४,०००।- (चौवन्न हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**